# बडीकेदार गाँउपालिकाको आर्थिक ऐन, २०७६

गाउँ सभाबाट स्वीकृत मितिः २०७६/०३/१०

बडीकेदार गाउँपालिका

खड्यौली, डोटी

सुदूरपश्चिम प्रदेश, नेपाल

# बडीकेदार गाँउपालिकाको आर्थिक ऐन, २०७६६

**गाउँ सभा बाट स्विकृत मितिः–२०७६/०३/१०**

**प्रस्तावनाः** बडीकेदार गाउँपालिकाको आर्थिक वर्ष २०७६६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम बडीकेदार गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(2) यो ऐन २०७६६ साल श्रावण १ गतेदेखि बडीकेदार गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति करः गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै /आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (४) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. मनोरञ्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (५) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।

८. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (६) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (७) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. सेवा शुल्क, दस्तुरः गाउँपालिकामा निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१२. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची-१

### मालपोत (भूमी कर)

न्यूनतम देखि १० रोपनी सम्म (प्रति रोपनी) रु १०
१० रोपनी देखि ३० रोपनी सम्म (प्रति रोपनी) रु १२
३० रोपनी देखि माथि (प्रति रोपनी) रु १५
विलम्व दस्तुर ४० प्रतिशत(कुल विलम्व रकमको)

### सम्पति कर

**१। कच्ची घर**

१ तले घर रु १५

२ तले घर रु २०
३ वा सो भन्दा माथि प्रति तला रु २५

**२। पक्की घर (टिनको छाना, सिलेटको छाना जडित)**
१ तले घर रु २०
२ तले घर रु ३०
३ वा सो भन्दा माथि प्रति तला रु ५०
लेण्टर सहितको घर रु १००

## <u>अनुसूची-२</u>

**१. घरवहाल कर**: आफनो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा वहालमा दिएमा सम्बन्धित धनीवाट वहाल रकमको १० प्रतिशत घर वहालकर लिने ।

## <u>अनुसूची-३</u>

**व्यवसाय कर** : व्यवसाय कर निम्न अनुसार लिनेछ ।

| सि.नं | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क(रू) | ख(रू) | ग(रू) |
| १ | होटेल/लज/रेष्टुरेन्ट<br>५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई (क) | २०००।०० | १०००।०० | ५००।०० |

| | | | | |
|---|---|---|---|---|
| | • लज मात्र भएको लजलाई ( ख)<br>• साधारण खाना,नास्ता,लज भएकोलाई (ख)<br>• रेष्टूरेन्ट मात्र भएकोलाई (ग)<br>• १० कोठा भन्दा माथि ए.सी. भएको होटेल, रेष्टुरेन्टको रू. ५०००।०० | | | |
| २ | मासू पसल<br>• रांगाको समेत सवै प्रकारका मासू मात्र बेच्नेलाई (क)<br>• खसी र कूखूरा बेच्नेलाई (ख)<br>• कुखुरा/ माछा बेच्नेलाइ (ख) | १०००।०० | ८००।०० | ५००।०० |
| ३ | मदिरा पसल वार्षिक नविकरण<br>• ईजाजत प्राप्त थोक मदिरा पसललाई (क)<br>• ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख)<br>• इजाजन प्राप्त बिर्को खोली बेच्ने मदिरा पसललाइ (ग) | २००००।०० | १००००।०० | ३०००।०० |
| ४ | कोल्ड ड्रिक्स पसल | ५००।०० | | |
| ५ | सून चांदी गहना पसल | २०००।०० | | |
| ६ | रेडियो/मोवाईल विक्री तथा मर्मत | ५००।०० | | |
| ७ | संचार सेवा | ५००।०० | | |
| ८ | घडि विक्री तथा मर्मत | २००।०० | | |
| | | | | |
| ९ | फोटो स्टूडियो<br>• कलर ल्यावलाई (क)<br>• फोटो स्टूडियोलाई (ख) | १०००।०० | ५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| १० | ह्जाम | ५००।०० | | |
| ११ | टेलरिंग | ५००।०० | | |
| १२ | जूत्ता पसल<br>• जूत्ता सिलाई र बेच्नेलाई (क)<br>• जूत्ता मर्मत मात्र गर्नेलाई (ख) | ५००।०० | २५०।०० | |
| १३ | मोटर वर्कशप<br>• गाडीको वडी वनाउने तथा मर्मत गर्ने (क)<br>• मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>• मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ख)<br>• सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>• सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>• गाडीहरू मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>• मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | १५००।०० | १२००।०० | १०००।०० |
| १४ | स्वास्थ्य सेवा<br>• अस्पतालाई (क)<br>• पोली क्लिनीकलाई (ख)<br>• थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | ४०००।०० | ३०००।०० | २०००।०० |
| १५ | मेटल वर्कशप | १०००।०० | | |
| १६ | काष्ठ उद्योग<br>• काठ चिरानी मेशिन सहित | २५००।०० | १५००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झयालढोका आदी वनाउनेलाई (क)<br>• कूनै एक मात्र वनाउनेलाई (ख) | | | |
| १७ | ईटा भट्टा र ईटा डिपो<br>• ईटा भट्टालाई (क)<br>• ईटा डिपोलाई (ख) | २५००।०० | १५००।०० | |
| १८ | कम्प्युटर ईन्स्टिच्युट | १०००।०० | | |
| १९ | दाउरा डिपो | १०००।०० | | |
| २० | पान पसल | २५०।०० | | |
| २१ | बेकरी उद्योग र बेकरी पसल<br>• उद्योगलाई (क)<br>• पसललाई (ख) | १५००।०० | १०००।०० | |
| २२ | तरकारी र फलफूल पसल | १०००।०० | | |
| २३ | चिया पसल | ५००।०० | | |
| २४ | मिलहरू<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | २५००।०० | १५००।०० | |
| २५ | डिलर,एजेन्सी, अधिकृत विक्रेता | ५०००।०० | | |
| २६ | साईकल भाडा तथा मर्मत | ५००।०० | | |
| २७ | ठेकेदार<br>• नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदारलाई (क)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदारलाई (ख)<br>• नेपाल सरकारको ईजाजत | २५०००।०० | १५०००।०० | १००००।०० |

| | | | | |
|---|---|---|---|---|
| | प्राप्त ग वर्गको ठेकेदारलाई (ग)<br>• नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदारलाई रू.४०००।०० | | | |
| २८ | थान कपडा पसल | १०००।०० | | |
| २९ | किराना पसल<br>• थोक सहितको किराना पसललाई (क)<br>• पचासहजार भन्दा बढी लगानी भएको किराना पसललाई (ख)<br>• सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | २५००।०० | १०००।०० | ५००।०० |
| ३० | खाद्य पसल<br>• थोक सहितको खाद्य पसललाई (क)<br>• खूद्रा मात्रको खाद्य पसललाई (ख) | १५००।०० | १०००।०० | |
| ३१ | भांडा पसल<br>• थोक विक्रेता (क)<br>• खुद्रा (ख) | १५००।०० | १०००।०० | |
| ३२ | चूरा धागो तथा श्रृङ्गारका सामान पसल<br>• थोक सहितको पसललाई (क)<br>• पचासहजार भन्दा बढी लगानी भएको पसललाई (ख)<br>• सो भन्दा कम लगानी गर्ने पसललाई (ग) | १५००।०० | १०००।०० | ५००।०० |
| ३३ | कूखुरा पालन<br>• पाँचसय भन्दा वढी कूखुरा पाल्नेलाई (क) | १५००।०० | १०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | • पाँचसय भन्दा कम कूखुरा पाल्नेलाई (ख) | | | |
| ३४ | तैयारी पोशाक पसल(फेन्सी पसल) | १०००।०० | | |
| ३५ | तैयारी जूत्ता पसल | १०००।०० | | |
| ३६ | हार्डवेयर पसल | १५००।०० | | |
| ३७ | ईलेक्ट्रिक पसल | १०००।०० | | |
| ३८ | साईन वोर्ड पेन्टीङ्ग | ५००।०० | | |
| ३९ | फर्निचर एण्ड फर्निसिंग पसल | २०००।०० | | |
| ४० | स्टेशनरी पसल | १०००।०० | | |
| ४१ | जडीवूटी खरिद विक्री पसल | १५००।०० | | |
| ४२ | लेखापरीक्षक सूचिकरण | १०००।०० | | |
| ४३ | अन्य उद्योग<br>• २० लाख भन्दा बढी लगानी भएकोलाई (क)<br>• एकलाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई (ख)<br>• एकलाख पचास हजार भन्दा कम लगानी भएकोलाई (ग) | १००००।०० | ५०००।०० | ३०००।०० |
| ४४ | पशू वधूशाला | १५००।०० | | |
| ४५ | अन्तराष्ट्रिय गैरसरकारी संस्था ( शाखा कार्यालय समेत) | १००००।०० | | |
| ४६ | वित्तिय सेवा<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने क वर्गको वैंकहरू (क)<br>• नेपाल सरकारको पुर्ण | ५०००।०० | ४०००।०० | ३०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने ख वर्गको वैंकहरू (ख)<br>• ऋृण तथा बचत सहकारी संस्था (ग) | | | |
| ४७ | नीजि स्कुल<br>• १देखि १० सम्मको (क)<br>• १ देखि ८ सम्मको (ख)<br>• १ देखि ५ सम्मको (ग) | १००००।०० | ७०००।०० | ५०००।०० |
| ४८ | चस्मा पसल | १०००।०० | | |
| ४९ | शिलाई मेशिन विक्री तथा मर्मत गर्ने पसल | १०००।०० | | |
| ५० | रेफ्रिजेरेटर मर्मत | १०००।०० | | |
| ५१ | दूग्घ डिपो/पसल | १०००।०० | | |
| ५२ | व्यूटि पार्लर | ५००।०० | | |
| ५३ | सप्लायर्स | १५००।०० | | |
| ५४ | टेलिफोन वा इन्टरनेट टावर राखि संचार सेवा उपलव्ध गराउने संस्थालाई | २००००।०० | | |
| ५५ | वित्तिय कारोवार वाहेक अन्य कारोवार गर्ने सहकारी संस्था | १५००।०० | | |
| ५६ | कृषि सामग्रीको पसल / भेटेनरी सम्बन्धी पसल | १०००।०० | | |
| ५७ | दाना उद्योग | १५००।०० | | |
| ५८ | तारजाली वनाउने उद्योग | १५००।०० | | |
| ५९ | कृषि व्यवशाय (वंगूर, माछ्रा, गाई पालन) | ५००।०० | | |
| ६० | नीजि कलेज | १००००।०० | | |
| ६१ | ब्लक उद्योग | २५००।०० | | |

| | | | | |
|---|---|---|---|---|
| ६२ | ग्यास डिपो | १०००।०० | | |
| ६३ | कोल्डस्टोर (शितभण्डार) | २५००।०० | | |
| ६४ | सल्लाको खोटो संकलन (प्रति के.जी.) | ५।०० | | |
| ६५ | भैसी निकासी कर(प्रति भैसि) | रू ५० | | |

**नोट** :

१. यस्मा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवशायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवशाय गरेको छ भने सवै आईटम मध्ये कुनै एकको मात्र कर लिने छ तर यस्मा सवै आईटम मध्ये जुन आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ ।

२. म्याद भित्र नवुझाउने कुनै पनि करदाताहरुवाट बुझाउनु पर्ने सम्पूर्ण व्यवसायकर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवशाय कर असुल गरिनेछ ।

३. निकासी कर: जडीबुटी, कृषि उपज तथा फलफूल निकासी कर गाउ कार्यपालिकाले निर्धारण गरे बमोजिम लिने ।

## अनुसूची-४

**विज्ञापन कर** : ठेक्का प्रकृया द्धारा विज्ञापनकर उठाउनको लागि देहाय अनूसार दररेट निर्धारण गरी विज्ञापनकर कर लिने ।

(क) होडिंगवोर्ड प्रति वर्गफिट रू. ७५/००

(ख) भित्तेलेखन/सटर पेन्टिंग प्रति वर्गफिट रू. ३०/०

## अनुसूची-५

**मनोरन्जन कर**: मनोरन्जनको कार्यक्रम संचालन गर्ने संचालकसंग गाउपालिका र संचालक बीच आपसी समझदारीमा मनोरन्जन कर शुल्क लिने ।

## अनुसूची-६

**भाडा** : यस गाउपालिकामा रहेको हल, जेनेरेटर, प्रोजेक्टर प्रयोग गरे वापत प्रति दिन हल भाडा रू.१५००।००, जेनेरेटर भाडा रू १०००। र प्रोजेक्टर भाडा रू५००।०० लिई उपलव्ध गराईनेछ ।

**सार्वजनिक शौचालय :** नीजि क्षेत्र संग साझेदारी माध्यमवाट शुल्क निर्धारण गरी संचालन गर्ने ।

## अनुसूची-७

**पार्किङ्ग शूल्क** : पार्किङ्ग शूल्क निम्न अनूसार लिईनेछ ।

(क) गाँउपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीमा एक पटकका लागि रु.३००।००, जीप भ्यानमा रु २००।०० र मोटरसाइकल मा रु १००।०० पार्किङ्ग शुल्क लिईने छ ।

## अनुसूची-८

१ **घर निर्माण नक्सापास दस्तुर**: घर निर्माण नक्सापास दस्तुर निम्न वमोजिम लिने ।

क) निवेदन फाराम रू.१००।०० लिने

ख) ढलान गरी निर्माण गरिने घरलाई प्रतिवर्गफिट रू. २।००, ढलान नगरी निर्माण गरिने घरलाई प्रति वर्गफिट रू. १।०० र माटोको जडान घर निर्माण गर्नेलाई प्रतिवर्गफिट रू.०.५०।०० नक्सापास दस्तुर लिने ।

ग) नक्सा नामसारी तथा नविकरण वापत प्रत्येक पटकको लागि रू.५००।०० दस्तुर लिने ।

घ) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रू. १००।०० दस्तूर लिने ।

ङ) नक्सापास सम्बन्धी कार्यसम्पन्न प्रमाणपत्रको रू. ५००।०० र पास भएको नक्साको रू.२५०।०० दस्तूर लिई प्रतिलिपी दिने।

२ **चारकिल्ला प्रमाणित दस्तूर**: चारकिल्ला प्रमाणित सिफारिस दिंदा प्रति कित्ता निम्न वमोजिम क्षेत्रफल भएको जग्गाहरूमा निम्न वमोजिम सेवा शूल्क लिने ।

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १ | आधा रोपनि सम्मको जग्गाको | १००।०० |
| २ | एक रोपनि सम्मको जग्गाको | २००।०० |
| ३ | एक रोपनि भन्दा बढी ५ रोपनि सम्मका | ३००।०० |
| ४ | ५ रोपनि भन्दा बढी १० रोपनि सम्मका | ५००।०० |
| ५ | १० रोपनि भन्दा बढी जतिसुकै भएपनि | १०००।०० |

३ **निवेदन दस्तूर** : कुनै पनि साधारण निवेदनहरूमा निवेदन दस्तुर लिईने छैन ।

४ यस गाउपालिकामा कर, दस्तुर, महशुल आदी वुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा रु. ५०।०० लिई अर्को प्रतिलिपी प्रमाणपत्र दिईनेछ ।

५ **सेवा शुल्क तथा सिफारिस दस्तूर** : गाउँपालिकाबाट उपलव्ध गराउने सिफारिसहरूको निम्न वमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लिने ।

| सि.नं. | विवरण | सिफारिस दस्तूर रू. |
|---|---|---|
| १ | नाता प्रमाणित | २००।०० |
| २ | धारा/ विजूली मिटर सिफारीस | २००।०० |
| ३ | नाम, थर आदि सच्याउने | १००।०० |
| ४ | जग्गा / मोही नामसारी / जग्गा दर्ता / गूठी / रैकर आदि | २००।०० |
| ६ | जग्गा खरिद विक्रीमा घर,वाटो प्रमाणित | २००।०० |
| ७ | कालोपत्रे मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | ५००।०० |
| ८ | अन्य मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | २००।०० |
| ९ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | वार्षिक हुन आउने रकमको १ प्रतिशतका दरले |
| १० | रूख काट्नको लागि सिफारिस दिंदा प्रति रूख रू. | २००।०० |
| ११ | योजना सम्झौता सिफारिस | २००।०० |
| १२ | रनिङ बील सिफारिस | २००।०० |
| १३ | अन्तिम भुक्तानी सिफारिस | २००।०० |

नोट : १) विपन्नता तथा असक्त सिफारिस, निशूल्क स्वास्थ्य उपचार, दैवीप्रकोप र जेष्ठ नागरिक भत्ता प्राप्तको लागि गरिने मन्जूरनामाको सिफारिस आदी सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

२) यस गाउपालिकावाट गरिने सम्पती मूल्यांकन र आयश्रोत प्रमाणित सिफारिस वाहेक अन्य सिफारिसमा अंग्रेजीवाट सिफारिस दिंदा तोकिएको सिफारिस दस्तूरमा थप सत प्रतिशत दस्तुर लिने ।

३) यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐन सँग नबाझिने गरी प्रति सिफारिस रु १००।०० लाग्ने छ ।